परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ११३ पृष्ठ ४ २०८१ माघ २८ गते, सोमबार 10-February, 2025 मूल्य रु. ५/-


9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बिनाअनुमतिका अस्पताल बन्द गर्न निर्देशन



● टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले जनकपुरधामका विभिन्न अस्पताल अनुगमन गर्नुभएको छ ।

अस्पतालको सेवाप्रति बिरामीको गुनबासो बढ्दै गएपछि मुख्यमन्त्री सिंहले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको टोलीसहित जनकपुरधाम उपमहानगर पालिका क्षेत्रमा सञ्चालित निजी अस्पतालको शनिबार अनुगमन गर्नुभएको हो ।

उहाँले थापाचोकमा रहेको जनकपुर ग्रान्डी अस्पताल, पिडारी चोकमा रहेको साई मल्टिस्पेसियालिटी हस्पिटल एन्ड ट्रमा सेन्टर, रामा मेमोरियल हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि र समर हस्पिटल एन्ड रिसर्च सेन्टरमा अनुगमन गर्नुभएको छ ।

उहाँले अनुगमनका क्रममा बिनाअनुमति सञ्चालन भएका अस्पताल तत्काल बन्द गर्न निर्देशनसमेत दिनुभयो । उहाँले स्वास्थ्य जस्तो संवेदनशील विषयमा लापर्बाही हुन नहुने बताउनुभयो । सिंहले भन्नुभयो, "दर्ता प्रक्रिया पूरा गरेर मात्र अस्पताल सञ्चालन गर्नुहोस्, दर्ता प्रक्रिया पूरा नभएका अस्पतालले अस्पतालमा रहेका बिरामीलाई तत्काल सुरक्षित स्थानमा सार्नुहोस् ।"

उहाँले स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक कागजी प्रक्रिया पूरा गर्नुपर्ने भन्दै बिनाअनुमति सञ्चालन भएका अस्पताललाई तत्काल कानुनी दायरामा ल्याइने बताउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य सेवा संवेदनशील विषय हो । मापदण्ड पूरा नगरी सञ्चालन भएका अस्पतालले नागरिकको ज्यान जोखिममा पार्न पाउँदैनन् ।"

मुख्यमन्त्री सिंहले पहिलो चरणको अनुगमनका क्रममा अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने कागजातको मात्रै माग गरिएको भए पनि धेरै अस्पतालले ती प्रक्रिया पूरा नगरेको र अन्य आवश्यक मापदण्ड पनि पालना नगरेको पाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले पहिलो चरणमा दर्ता, नवीकरण जस्ता आवश्यक कागजात मात्र मागेका थियौँ तर तीसमेत पूरा नगरिएको पाइयो । स्वास्थ्य क्षेत्र संवेदनशील छ, त्यसैले स्वास्थ्य संस्था सञ्चालन मापदण्ड अनुसार सञ्चालन गर्नु पर्छ ।"

अनुगमनका क्रममा अस्पतालमा आधारभूत स्वास्थ्य सेवा, सरसफाइ, चिकित्सकीय उपकरण तथा जनशक्तिको अवस्था जाँच गरिएको थियो ।

मुख्यमन्त्री सिंहले गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न प्रदेश सरकारले थप कडाइ गर्ने बताउँदै आवश्यक सुधारका लागि सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।

जनकपुरधाममा पछिल्ला वर्षमा निजी अस्पताल बढ्दै गए पनि कतिपयले मापदण्ड पूरा नगरी सञ्चालनमा ल्याएको गुनासो उठ्दै आएको छ ।

## धनुषधाम बन्यो मधेस प्रदेशकै पहिलो चुहावटमुक्त नगरपालिका

● टक नेपाल



धनुषाको धनुषाधाम नगर पालिका देशकै तेस्रो र मधेश प्रदेशको पहिलो चुहावटमुक्त नगरपालिका घोषणा भएको छ ।

धनुषाधाममा शनिबार आयोजित एक कार्यक्रमकाबीच नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले धनुषाधाम नगर पालिकालाई मधेश प्रदेशको पहिलो चुहावटमुक्त नगर पालिका घोषणा गरेका हुन । कार्यक्रममा बोल्दै घिसिङले विद्युत सेवाको गुणस्तर सुधार तथा चुहावट नियन्त्रणमा स्थानीय तह, सरोकारवाला र जनताको सहकार्य आवश्यक रहेको र त्यसलाई धनुषाधाले पूर्ण रुपमा निर्वाह गरेको बताए । उनले चुहावटमुक्त अभियानले विद्युत आपूर्तिमा सुधार ल्याउने र उपभोक्तालाई नियमित तथा गुणस्तरीय सेवा प्रदान गर्न महत्त्वपूर्ण योगदान दिने धारणा राखेका थिए ।

कार्यक्रममा धनुषाधाम नगर पालिकाका मेयर बालेश्वर मण्डलले नगरवासीका लागि विद्युत जरिवानामा सहुलियतको माग गर्दै निर्देशक घिसिङसमक्ष किसानहरुका लागि थप विद्युत सुविधा उपलब्ध गराउन अनुरोध गरेका थिए ।

कार्यक्रममा नगरपालिकाका बिपन्न नागरिकलाई निःशुल्क मिटर समेत वितरण गरिएको थियो ।

## सरकारमा जान कुनै बार्गेनिङ गरेका छैनौ : उपेन्द्र यादव

● टक नेपाल



जनता समाजवादी पार्टी (नेपाल) का अध्यक्ष उपेन्द्र यादवले सरकारमा जान कुनै बार्गेनिङ नगरेको स्पष्ट पार्नुभएको छ ।

आइतबार संसद भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसंग कुरा गर्दै अध्यक्ष यादवले पार्टी सरकारमा जाने अवस्थामा नरहेको भन्दै सरकारमा जान कुनै बार्गेनिङ नगरेको स्पष्ट पार्नुभएको हो ।

उहाले आफ्ना पार्टी र आफुबिरुद्ध नियोजित रुपमा चलाइएको भ्रममा कुनै सत्यता नरहेको जिकिर गर्नुभयो ।

अध्यक्ष यादवले सरकारले ल्याएको अध्यादेश संसदको कार्यसूचीमा आउने बितिकै आवश्यक निर्णय लिइने बताउनुभयो ।

अध्यादेशका बारेमा पार्टी अध्ययनकै क्रममा रहेको उहाले बताउनुभयो । उहाले आफ्नो पार्टीका कारण अध्यादेश नअड्किएको समेत बताउनुभयो ।

बर्दिवास-खुर्कोट-घुर्मी-ओखलढुङ्गा
टिकट बिक्री केन्द्र
प्रत्येक दिन बिहान ६:३०
बर्दिवास, महोत्तरी

सुनौलो वि. पी. यातायात क. प्रा. लि.
टिकट बुकिङ्गको लागि सम्पर्कः
प्रकाश कार्की ९८१९८८३७२० ९८६४१०४०११
उमेश थापा ९८०७६२७२५५ ९८६४०२२३५०
रोहित श्रेष्ठ ९८६१२१२३५२ ९८२७८३०९३३

0% ब्याजदरमा आकर्षक मोवाईलहरु
अव अन्त किन?
हाम्रै सहर बर्दिबासको

हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा
मो. ९८४१५५६५००, ९८०७८३६३५५

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### प्रतिपक्षको अचम्मको रबैया

नेपालमा कतिबेलाको प्रतिपक्ष र को सरकार पक्ष बन्छ भनेर यसै भन्न सकिन्न । ६ महिनाअगाडि सरकारमा रहेको दल प्रतिपक्ष बन्छ भने ६ महिना अगाडि प्रतिपक्ष बनेको दल केही समयपछि सरकार पक्ष बन्छ ।नेपाली राजनीतिको यो सबैभन्दा विकृत पक्ष हो ।

यही विकृत पक्षमा टेकेर नेपालका दलहरु सरकारमा गइरहेका छन् । ६ महिनाअगाडि प्रतिपक्षमा रहेको एमाले अहिले सरकारको नेतृत्वमा छ भने त्यो बेला सरकारको नेतृत्व गरेको माओवादी केन्द्र अहिले प्रमुख प्रतिपक्ष बन्न बाध्य भएको छ। नेपालका दुई ठूला पार्टी एक ठाउँमा आएपछि माओवादी प्रतिपक्षको कित्तामा धकेलिएको हो ।

प्रमुख प्रतिपक्षको नेताको हैसियतले गत हप्ता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले सदनमा लामो भाषण गर्नुभएको थियो । भाषणको सार भने सरकार लाई गाली गर्नु नै हो । वर्तमान सरकार सबै हिसावले ठीकठाक छ पनि भन्न खोजिएको होइन तर प्रतिपक्षको बेञ्चमा बस्ने बित्तिकै नेपालका नेताहरुले आफू सरकारमा पनि गएको कुरा बिर्सन्छन् । ६ महिना अगाडिसम्म सरकारको नेतृत्व गरेका प्रचण्डले कयौं कुरा केपी ओलीलाई प्रश्न गर्दा केही प्रश्न आफैतिर पनि तेर्सिएका छन् ।

यो समस्या केवल प्रचण्डको मात्र होइन, नेपालमा रहेका सबै राजनीतिक दलको हो । एकाध बाहेक नेपालको सत्तामा नपुगेका दल अब छैनन् । जो सरकारमा अहिलेसम्म सहभागी छैनन् । उनीहरुभन्दा बाहेक सरकारमा पटक पटक गएका दलले प्रतिपक्षमा पुग्दैमा सरकार लाई धारे हात लगाउने कुरा जायन होइन । तर यो समस्या नेपालका हरेक दलमा छ जुन राम्रो हुदै होइन । यो प्रतिपक्षमा पुग्ने दलहरुको अचम्मकै रबैया हो ।

# महोत्तरी जिल्ला पालिका स्तरिय प्रधानमन्त्रि कप पुरुष छनौट क्रिकेट प्रतियोगिता २०८१ हुँदै

• महेशकुमार दास



महोत्तरी जिल्ला पालिका स्तरिय प्रधानमन्त्रि कप पुरुष छनौट क्रिकेट प्रतियोगिता २०८१ सोमबारदेखि शुरु हुने भएको छ ।

जिल्ला क्रिकेट संघ महोत्तरीले आईतबार नेपाल पत्रकार महासंघ महोत्तरी शाखामा पत्रकार सम्मेलनको आयोजना गरि सोमबारदेखि महोत्तरी जिल्ला पालिका स्तरिय प्रधानमन्त्रि कप पुरुष छनौट क्रिकेट प्रतियोगिता २०८१ आयोजना हुन गई रहेको जानकारी दिएका छन ।

जिल्ला क्रिकेट संघ महोत्तरी अध्यक्ष रौशन सिंहले सो क्रिकेट प्रतियोगितामा जिल्लाका ७ पालिका र थप एक टिम सहित ८ वटा टिम सहभागिता जनाउने जानकारी दिनु भएको छ।

महोत्तरी गाउँपालिका स्थित रंगशालामा हुन गई रहेको सो प्रतियागितामा महोत्तरी गाउँपालिका, भंगहा नगरपालिका, मटिहानी नगरपालिका, जलेश्वर नगर पालिका, बलवा नगरपालिका, लोहारपटि नगरपालिका र महोत्तरी जिल्ला ११ टिमका खेलाडीहरुले प्रतिस्पर्धा गर्ने जनाइएको छ ।

सो क्रिकेट खेल ओडीआई फर्मेटमा हुने जिल्ला क्रिकेट संघ महोत्तरीका अध्यक्ष सिंहले बताउनु भएको छ ।

स्थानिय पालिकाहरुबाट सहयोग रकम संकल्न आयोजना हुन गई रहेको गरि सो खेलमा १५ लाख बरावर खर्च हुने अनुमान आयोजनाको रहेको छ ।

पत्रकार सम्मेलनमा महोत्तरीको १५ पालिका मध्ये कतिपय पालिकाहरु खेलमा लगानी गर्न उदासिन देखिएकै कारण १५ वटै पालिकाको खेलाडीहरु खेलमा सहभागि गराउन नसकेकोमा क्रिकेट संघ महोत्तरी अध्यक्ष सिंहले दुःख व्यक्त गर्नु भएको छ ।

भौतिक विकासको नाउमा लाखौं खर्च गर्न पछि नपर्ने पालिकाहरु खेलको नाउँमा खर्च गर्न नाथरीका वहाना वनाउने गर्दछ ।

क्रिकेट संघ महोत्तरी सिंहले भन्नु भयो ‘ खेल क्षेत्रमा लगानी नगर्न चाहेकै कारण महोत्तरीका अधिकांस पालिकामा खेल मैदान रहेको छैन । सडक पुल पुलेसा बनाउनु मात्र विकास होईन , खेल क्षेत्रले पनि ठाउँ चिनाउन मद्दत गर्दछ । त्यहि भएर खेल क्षेत्रमा लगानी गरेर आ आफना पालिकालाई चिनाउनेमा उद्दार हुन आवश्यक छ । ’

पत्रकार सम्मेलनमा प्रतियोगितामा पहिलो र द्वितिय हुने टिमल पाउने शिल्डको अनावरण समेत गरिएको छ । क्रिकेट संघ महोत्तरीका अध्यक्ष रौशन सिंह र नेपाल पत्रकार महासंघ महोत्तरी शाखा अध्यक्ष महेशकुमार दासले संयुक्त रुपमा शिल्ड अनावरण गर्नु भएको थियो ।


## व्यक्तिगत घटना सम्बन्धि सूचना !!!

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

जन्म दर्ता किन गर्ने ?

- उमेरको निर्णायक प्रमाण प्रदान गर्न
- बालबालिकालाई स्कुल भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- राष्ट्रिय परिचयपत्र लिन्

बाबुको ठेगान नभएका बच्चाको जन्मदर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखि आमा सूचक बनि जन्मको घटना दर्ता गर्न सकिन्छ ।



अनुरोध

बर्दिबास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी



सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
- २४ सै घण्टा इमरजेन्सी सेवा
- दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
- भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
- ल्याब सेवा
- अन्तरंग विभाग सेवा

होल बडी चेकअपमा २५% छुट

044-550527/9801050527/9801150527



HOTEL NAVYA Pvt. Ltd.
ISO 9001:2015 CERTIFIED
HOTEL NAVYA PVT. LTD.
Bardibas - 4, Mahottari, Nepal | Tel.: +977 - 9854034761 / 044-550761




AMENITIES
WIFI · FREE PARKING · ELECTRIC MASSAGE · GYM
SPANISH BAR · CONFERENCE HALL · BUSINESS CENTER · WEDDING HALL
BANQUET · CHILDREN FRIENDLY · ASHOK VATIKA · HOSPITALITY SERVICES
OUTDOOR COURTYARD TO READ, WORK AND RELAX



# मुलुकमा स्थिरता र समृद्धिका लागि शान्ति सम्झौताका पक्षधर मिल्नुपर्छ : अध्यक्ष दाहाल

टक नेपाल



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गरी देशमा स्थायी शान्तिको वातावरण बनाउन शान्ति सम्झौताका पक्षधर मिलेर जानुको विकल्प नरहेको बताउनुभएको छ।

संविधान निगरानी समूह र 'इन्स्टिच्युट फर स्ट्राटेजिक एन्ड सोसियो-इकोनोमिक रिसर्च (आइएसएसआर)' द्वारा आज यहाँ आयोजित 'संविधान कार्यान्वयनको एक दशक र संवैधानिक सुधारको आवश्यकता' विषयक संवाद कार्यक्रममा अध्यक्ष दाहालहाँले दक्षिणपन्थी कोणबाट संविधानको तीव्र विरोध भइरहेको अवस्थामा जतिसुकै आलोचना र प्रतिआलोचना भए पनि शान्ति सम्झौताका पक्षधर मिल्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

अध्यक्ष दाहालले सरकारमा सहभागी दुई ठूला दलले जनताका कुरा नबुझ्ने हो जनतामा तीव्र असन्तुष्टि बढेर जाने जिकिर गर्नुभयो। जनताले सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि खोजिरहेको उल्लेख गर्दै उहाँले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछि भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सडक तथा खानेपानीका क्षेत्रमा अहिलेसम्म भएको विकास सकारात्मक बाटोतर्फ नै उन्मुख रहेको धारणा राख्नुभयो।

जनअपेक्षाअनुरुप आर्थिक समृद्धि हासिल नभइरहेको वर्तमान अवस्थामा प्रमुख राजनीतिक नेतृत्व र शक्तिबीच गम्भीर आत्मसमीक्षाको आवश्यकता औँल्याउँदै अध्यक्ष दाहालले न्यायक्षेत्रसहित बौद्धिकवर्ग र समुदायले एकपटक फेरि गम्भीर आत्मसमीक्षाका माध्यमबाट नयाँ राष्ट्रिय एकता र दृष्टिकोण बनाउन जरुरी रहेको बताउनुभयो।

आन्दोलनको उपलब्धिका रुपमा प्राप्त पहिचान र समावेशी प्रतिनिधित्व खोस्ने गरी संविधान सशोधनको प्रयास गरिए आफूहरुलाई कदापि स्वीकार्य नहुने अध्यक्ष दाहालको भनाइ थियो। प्रहरी, कानुन, कर्मचारी र आर्थिक स्रोत नदिने अनि प्रदेशले काम गरेर भनी प्रचार गर्ने कार्य ठीक नभएको अध्यक्ष दाहालले उल्लेख गर्नुभयो।

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरलेले संविधानको मर्म र भावनाअनुरुप अधिकार तल्लो तहसम्म हस्तान्तरण गर्नमा बाधा पुऱ्याएकै कारण प्रदेश र स्थानीय तहलाई विकास तथा समृद्धिमा लक्ष्य हासिल गर्न चुनौती खडा भइरहेको बताउनुभयो।

संसद् कानुन निर्माण र संविधान कार्यान्वयन प्रक्रियामा गतिशील हुन नसकेको उल्लेख गर्दै महासचिव पोखरेलले राज्य र नागरिकलाई जोड्ने हिसाबले अभ्यासलाई अघि बढाउनुपर्ने खाँचो औँल्याउनुभयो। उहाँले भन्नुभयो, "नेपाली जनताको लामो बलिदानी र सङ्घर्षको उपलब्धिका साथे साझा दस्तावेजका रुपमा संविधान रहेको छ, हालसम्म भएका कामको समीक्षा र हुन नसकेको परिस्थितिको मूल्याङ्कन गरी संशोधन तथा राजनीतिक स्थायित्व दिन सकिन्छ।"

महासचिव पोखरेलले मुलुकको अर्थतन्त्रलाई चलायमान तुल्याउनेलगायत राष्ट्रिय सुधारको आवश्यकतासँग जोडिएर अध्यादेश जारी भएको बताउनुभयो।

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले संसद्मा विधेयक प्रवेश भएपछि कति समयभित्र पारित गरिसक्ने भनी समयसीमा नतोकिएसम्म कानुन निर्माणले गति हासिल गर्ने सम्भावना कम रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "संविधान संशोधन गरिँदा आफूहरु समानुपातिक र समावेशी प्रणालीबाट फिर्ता हुन चाहेको होइन, त्यसमा कहीँ सम्झौता हुन सक्दैन, कानुन नबनिरहेको अवस्थामा अधिकार र आवश्यकतामा अपवादका रुपमा अध्यादेश ल्याइएको हो।"

जुन देशमा विकास र समृद्धिका हिसाबले धेरै गर्न बाँकी छ त्यहाँ नै ठूलो सम्भावना हुन्छ भन्ने सकारात्मक सोचबाट अघि बढ्न जरुरी रहेको नेता डा महतको भनाइ थियो। आर्थिक क्षेत्रको मुख्य इन्जिनका रुपमा रहेको निजी क्षेत्रलाई प्रोत्साहन दिँदै अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको उहाँले बताउनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका प्रमुख सचेतक सन्तोष परियारले जनतालाई बलियो बनाउने तथा सङ्घीयता र समावेशीलाई सुदृढ तुल्याउने पक्षमा संविधान संशोधनमा सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो।

जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउतले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति तथा संवैधानिक अङ्गका पदाधिकारीसमेत निर्वाचनबाट चयन हुन सके मुलुकमा राजनीतिक स्थायित्व भई समृद्धितर्फ उन्मुख हुन सक्ने तर्क गर्नुभयो।

संविधानका जानकार तथा संविधानसभा सदस्य अग्नि खरेलले संविधान संशोधनका विषयमा मुलुकका प्रमुख राजनीतिक शक्तिबीच सकारात्मक सोच भएन भने दलीय अनुकूलता खोजिरहँदा राष्ट्रका लागि प्रतिकूलता निम्तिन सक्नेतर्फ सचेत रहन सुझाव दिनुभयो।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले संविधान जुन अपेक्षाका साथ जारी भएको थियो, त्योमार्गबाट हिँडिरहेको छ कि बाटो बिराएको छ भन्ने अहिले गम्भीर प्रश्न उब्जिएको विचार प्रकट गर्नुभयो।

उहाँले भन्नुभयो, "विधेयक ऐन बनाउन नसक्ने अवस्थामा छ। स्वतन्त्रकारी संस्थालाई आज्ञाकारी बनाइनु हुन्न। संविधानमा लेखिएका अधिकार र हक कति रुपान्तरण भए ? प्रदेश, गणतन्त्र, धर्म निरपेक्षता, सेवा प्रवाह र संविधान रुपान्तरण भयो वा भएन त्यसको समीक्षा हुनुपर्छ।"

नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले बितेका ९ वर्षमा संविधानले कसरी काम गऱ्यो, अब कसरी लैजाने भन्नेमा प्रमुख राजनीतिक दलहरुबीच गम्भीर बहसको खाँचो औँल्याउनुभयो।






# गोरखापत्रकर्मी साहलाई प्रकृति संरक्षण पुरस्कार प्रदान




● लक्ष्मी चौधरी

नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव २०८१ को अवसरमा वातावरण संरक्षण, वन्यजन्तु र पर्यापर्यटन विकासमा पत्रकारिताको माध्यमबाट महत्वपूर्ण योगदान पुऱ्याएवापतमा गोरखापत्रका ढल्केबर समाचारदाता विजयकुमार साहलाई प्रकृति संरक्षण पुरस्कार प्रदान गरिएको छ।

धनुषाको पुरन्दाहामा आयोजित दुई दिने नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव २०८१ को समापन समारोहका अवसरमा सो पुरस्कार गोरखापत्रकर्मी साहलाई प्रदान गरिएको हो।

कार्यक्रममा विश्व लाटोकोसेरो कोष बेलायतका नेपाल प्रतिनिधि राजु आचार्यले सम्मानपत्रसहित पुरस्कार प्रदान गर्नुभएको थियो।

सञ्चारकर्मी साहले स्थानीयस्तरमा वन्यजन्तु संरक्षण, वातावरणीय सचेतना र पर्यापर्यटन प्रवर्द्धनका विषयमा खबरदारीमूलक पत्रकारिता गर्दै आउनुभएको छ। उहाँको यो प्रयासले स्थानीय र राष्ट्रियस्तरमा जनचेतना अभिवृद्धिमा सहयोग पुगेको भन्दै नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव समिति धनुषाले उहाँलाई पुरस्कृत गरेको हो।

कार्यक्रमका अतिथि राजु आचार्यले साहको योगदानलाई प्रशंसा गर्दै पत्रकारितामार्फत वातावरण र जैविक विविधताको संरक्षणमा समाजमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो। यस अवसरमा स्थानीय वन्यजन्तु प्रेमी, विद्यार्थी र पत्रकारको बाक्लो उपस्थिति थियो।

उत्सवको क्रममा जैविक विविधता, लाटोकोसेरोको संरक्षण र पर्यापर्यटनका सम्भावनाबारे विभिन्न कार्यशाला, प्रदर्शनी र जनचेतनामूलक कार्यक्रम पनि आयोजना गरिएको थियो। उत्सवले स्थानीय समुदायमा वातावरणीय सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेको आयोजकको भनाइ छ।

# सवारी दुर्घटनामा बर्दिवासमा एक जनाको मृत्यु



● रिभान्स मण्डल

बर्दिवास नगरपालिकामा आईतवार भएको दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ।

बर्दिवास बाट भंगहा जादै गरेको मधेश प्रदेश ०३ ००१ ज ०५५४ नम्बरको 'विंगर मिनीबस'ले भंगहा बाट घर प्रेमनगर आउदै गरेको ईलेक्ट्रक साईकललाई ठोक्कर दिदाँ साईकल चालक बर्दिवास नगरपालिका वडा नं.७ प्रेमनगर बस्ने वर्ष अं.६५ को देवेन्द्र साह सोनारको मृत्यु भएको ईलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ।

साहको प्रथमिक उपचार धनुषा स्थित लालगढ मोडेल अस्पताल भएको थियो।

थप उपचारका लागि काठमाडौं लादै गर्दा बाटैमा मृत्यु भएको हो। दुर्घटना विहान १० बजे भएको थियो। दुर्घटना भएको स्थान र दुर्घटना बारे थाप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यलय बर्दिवाका प्रहरी निरीक्षक अशोक यादबले जानकारी दिएका हुन।

यो 'विंगर मिनीबस महोत्तरीको भंगहा नगरपालिका वाट काठमाडौं जाने रुटको हेरेको छ। अहिले चालक र गाडी प्रहरको नियन्त्रनमा रहको प्रहरीले बताएको छ।


'सामाजिक रुपान्तरणका लागि सामुहिक अभ्यास'

आधारशीला

।। हार्दिक निमन्त्रणा ।।

आधारशिला स्थापनाको २२ औ वार्षिकोत्सबको अवसरमा मिति २०८१ माघ २८ गते नेकपा माओबादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री क. पुष्पकमल दाहाल (प्रचण्ड)को प्रमुख आतिथित्यमा बैचारिक तथा साँस्कृतिक कार्यक्रम हुने भएकोले तपसिलको मिति, स्थान र समयमा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछु।

तपसिल
मिति : २०८१ माघ २८ गते
स्थान : ब.न.पा. वडा नं. ३ गौरिडाँडा
आधारशिलाको प्राङ्गण
समय : बिहान ११:०० बजे।

(दिप बहादुर योन्जन)
अध्यक्ष
तथा आधारशिला परिवार



मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी

विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार

डा. अफजल मन्सुरी
द्वारा

पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरुलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयसै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ।



डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786



बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ।

हरेक हप्ताको आइतबार, सोमबार र मंगलबार
समय: विहान १०:००-५:०० बजेसम्म

हाम्रा सेवाहरु
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि

लेजर सर्जरी नै किन ?
- ☑ भर्ना हुनु नपर्ने
- ☑ दुखाई नहुने
- ☑ रोग पुन: नदोहोरिने
- ☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्क:
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रबन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com